# फलफूलबालीको बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८३

**प्रस्तावनाः** बीउ बिजन ऐन, २०४५ को दफा ११ तथा बीउ बिजन नियमावली, २०८१ को नियम ९ र १० बमोजिम अनुमोदन, उन्मोचन वा दर्ता भई ऐनको दफा ११ तथा नियमावलीको नियम १० बमोजिम सूचित वा **पञ्जीकृत** हुने वानस्पतिक (vegetative) प्रसारण विधिबाट **पुनरुत्पादन** वा प्रसारण हुने फलफूल बालीको बीउ बिजनका किसिम वा जातको गुणस्तर नियन्त्रण तथा नियमन गरी कृषकसमक्ष गुणस्तरीय बोट तथा बिरुवाको आपूर्ति सुनिश्चित गर्न आवश्यक भएकोले बीउ बिजन ऐन, २०४५ को दफा ५ को उपदफा (५.२) को कार्यान्वयन तथा दफा ८ को उपदफा (८.१) को खण्ड (८.१.२) को प्रयोजनका लागि सोही ऐनको दफा ५ को उपदफा (५.४) र उपदफा (५.७) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो **फलफूल बालीको बीउ बिजन प्रमाणीकरण मापदण्ड**, **२०८३** स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम **"फलफूलबालीको बीउ विजन प्रमाणीकरण मापदण्ड, २०८३"** रहेको छ।

(२) यो मापदण्ड राष्ट्रिय बीउ विजन समितिबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) **"आधिकारिक स्रोत"** भन्नाले माउ बोट वा प्रसारण सामाग्री उत्पादन गर्ने प्रयोजनका लागि जात सूचित तथा पञ्जीकरण गर्ने निकायबाट संरक्षण गरिएको बोट सम्झनु पर्दछ। यस शब्दले मापदण्डको दफा ७ बमोजिम पहिचान तथा प्रमाणीकरण भएको स्रोत बोटलाई समेत सम्झनु पर्दछ ।

(ख) **"आधिकारिक निकाय "** भन्नाले आधिकारिक स्रोत भएका निकाय वा नर्सरी सम्झनुपर्छ ।

(ग) **"ऐन"** भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनुपर्दछ ।

(घ) **"कार्यालय"** भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय अन्तर्गतको जिल्ला स्थित कृषि हेर्ने कार्यालय सम्झनुपर्दछ ।

(ङ) **"केन्द्र"** भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनुपर्दछ ।

(च) **"पतझड फलफूल"** भन्नाले वर्षको एक पटक पूर्ण रूपमा पातहरू झर्ने फलफूल तथा काष्ठफलको

समुह सम्झनुपर्दछ।

(छ) **"प्यार्किंग"** भन्नाले झ्याउ (**Sphagnum moss**), माटो, जुटको बोरा, पराल, कोकोपिट (**Cocopeat**), पोलिथिन सिट/डोरी, कोरुगेटेड बक्स (**Corrugated box**) वा अन्य यस्ता माध्यमको प्रयोग गरेर बिरूवा प्याकिङ गरिने प्रविधि/कार्य सम्झनुपर्दछ।

(ज) "**प्रदेश मन्त्रालय**" भन्नाले प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(झ) **"फलफूल बाली"** भन्नाले खानको लागि प्रयोग हुने नरम देखि कडा प्रकृतिका फल लाग्ने तथा वानस्पतिक (Vegetative) प्रसारण विधिबाट पुनरुत्पादन वा प्रसारण हुने वानस्पतिक प्रजातीलाई सम्झनुपर्दछ।

(ञ) "**नियामावली**" भन्नाले बीउ बिजन नियामावली, २०८१ सम्झनुपर्दछ ।

(ट) **"सरकारी फार्म केन्द्र"** भन्नाले कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद् तथा प्रदेश अन्तर्गत सञ्चालन भैरहेका वा स्थापना हुने फलफूल बालीको बीउ, बिरुवा वा बिरूवा उत्पादन गर्ने सरकारी फार्म केन्द्र सम्झनुपर्दछ।

(ठ) "**प्रमाणीकरण पद्धति**" भन्नाले माउ बोट निर्धारण तथा प्रमाणीकरण, मूलवृत वा सायन प्राप्ति, लैङ्गिक वा अलैङ्गिक प्रसारण, उन्नत बोट वा प्रसारण सामाग्री हेरचाह तथा संरक्षण, प्राविधिक परीक्षण, प्याकेजिङ्ग तथा लेवलिङ्ग प्रमाणीकरण निकायको प्रत्यक्ष संलग्नता, नियन्त्रण, र रेखदेखमा गर्ने पद्धतीलाई सम्झनुपर्दछ ।

(ड) **"प्रमाणीकरण निकाय"** भन्नाले बीउ बिजन ऐन, २०४५ को दफा ८.१.२ बमोजिम प्रमाणीकरण गर्ने केन्द्र तथा बीउ बिजन नियमावली, २०८१ को नियम १३ को उपनियम (२) बमोजिम समितिद्धारा तोकिएको प्रमाणीकरण निकाय लाई सम्झनुपर्दछ।

(ढ) "**बीउ बिजन निरीक्षक**" भन्नाले ऐनको दफा १६.१ बमोजिम योग्यता पुगी नियमावलीको नियम २६ बमोजिम अनुमति पत्र लिएका र यस मापदण्डको दफा ११ बमोजिम आधारभूत तालिम लिएका बीउ बिजन निरीक्षक भन्ने सम्झनुपर्दछ।

(ण) "**यथार्थसंकेत पत्र पद्धति**" भन्नाले माउ बोट निर्धारण तथा प्रमाणीकरण, मूलवृत वा सायन प्राप्ति, लैङ्गिक वा अलैङ्गिक प्रसारण, उन्नत बोट वा प्रसारण सामाग्री हेरचाह तथा संरक्षण, प्राविधिक परीक्षण, प्याकेजिङ्ग तथा लेवलिङ्ग ऐनको दफा १६ तथा नियामावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकको प्रत्यक्ष निगरानीमा नर्सरीधनीले आफ्नै व्यवस्थापनमा गरी गुणस्तरीयताको यकिन गर्ने पद्धतीलाई सम्झनुपर्दछ ।

(त) **"मन्त्रालय"** भन्नाले संघ सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(थ) **"माउ बोट"** भन्नाले आधिकारिक स्रोतबाट बीउ, कटिङ्ग, हाँगा, सायन स्टिक (**Scion stick**), कोपिला (बड-**Bud**) र पूर्ण बिरुवा प्राप्त गरि तयार गरिएको माउ बोट तथा उन्नत बोट वा

प्रसारण सामाग्री तयार गर्न संरक्षण गरिएको उक्त माउ बोटलाई सम्झनुपर्दछ ।

(द) **"मूलवृत (रुटस्टक-Rootstock)"** भन्नाले कलमी बिरूवा तयार गर्दा प्रयोग हुने जरा तिरको भाग वा बिरुवा सम्झनुपर्दछ।

(ध) **"वानस्पतिक** (Vegetative) **प्रसारण विधि"** भन्नाले फलफूल बालीको वानस्पतिक भाग [कटिङ्ग (**Cutting**), गुटी (**Layering**), ग्राफ्टेड (**Grafted**), बडेड (**budded**), टिस्यु कल्चर (**Tissue culture**) आदि] बाट बिरूवा प्रसारण गर्ने सम्झनुपर्दछ।यो शव्दले सो प्रयोजनका लागि बीउबाट तयार गरिएको बेर्ना समेतलाई जनाउछ ।

(न) **"विषयगत केन्द्र"** भन्नाले मन्त्रालयको कृषि विभाग अन्तर्गत फलफूल बाली हेर्ने निकाय सम्झनुपर्दछ ।

(ऩ) **"विज्ञ टोली"** भन्नाले फलफूल बालीको माउ बोट पहिचान तथा प्रमाणीकरणका लागि विषयगत केन्द्रबाट गठन भएको बालीसँग सम्बन्धीत अनुसन्धान केन्द्र, बाली तथा रोग वा कीरा सँग सम्बन्धीत बिज्ञ, प्रमाणीकरण निकाय तथा विषयगत केन्द्रको प्रतिनिधि भएको समूह सम्झनुपर्दछ।

(प) **"सदाबहार फलफूल"** भन्नाले पूर्ण रूपमा एकै पटक पातहरू नझर्ने फलफूल तथा कष्ठाफलको समुह सम्झनुपर्दछ।

(फ) **"समिति"** भन्नाले बीउ विजन ऐनको दफा ३ बमोजिमको समिति सम्झनुपर्दछ।

(ब) **"सायन (Scion)"** भन्नाले कलमी बिरूवा तयार गर्दा मूलवृतमा जोडिने गुणस्तरीय माउ बोटबाट लिएको बिरूवाको माथिल्लो भाग सम्झनुपर्दछ।

(भ) **"सूचिकृत नर्सरी"** भन्नाले यस मापदण्डको दफा ५ बमोजिम जिल्ला स्थित कार्यालयमा दर्ता भएको सूचिकृत नर्सरी सम्झनुपर्दछ ।

(म) **"सुन्तलाजात फलफूल"** भन्नाले सुन्तला, जुनार, कागती, र भोगटे लगायत अमिलो बर्गका फलफूल सम्झनुपर्दछ।

## परिच्छेद-२

## गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था

३. **बीउ बिजन गुणस्तर नियन्त्रण पद्धतिः**: (१) नियामावलीको नियम १० बमोजिम सूचित वा पञ्जीकृत हुने फलफूल बालीको बीउ बिजनको किसिम वा जातको गुणस्तर नियन्त्रण व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) प्रमाणीकरण पद्धति

(ख) यथार्थसंकेतपत्र पद्धति

(२) नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (क) बमोजिम सूचित हुने नियम ९ को उपनियम (१) को खण्ड (क) र (च) बमोजिमका बीउ बिजनका किसिम वा जातको हकमा प्रमाणीकरण पद्धती वा यथार्थ सङ्केतपत्र पद्धती मध्ये कुनै एक पद्धती अबलम्बन गरिनेछ ।

(३) नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (ख) बमोजिम दर्ता भई पञ्जीकृत हुने नेपालमा विकास गरिएका अन्य बालीका बीउ बिजनका किसिम वा जातको हकमा यथार्थ सङ्केतपत्र पद्धति अवलम्बन गरिनेछ।

**४. प्रमाणीकरण पद्दतिः** (१) यस पद्धतिमा माउ बोट पहिचान तथा प्रमाणीकरण, मूलवृत वा सायन प्राप्ति, लैङ्गिक वा अलैङ्गिक प्रसारण, उन्नत बोट वा प्रसारण सामाग्री हेरचाह तथा संरक्षण, प्राविधिक परीक्षण, प्याकेजिङ्ग तथा लेवलिङ्ग प्रमाणीकरण निकायको प्रत्यक्ष संलग्नता, नियन्त्रण, र रेखदेखमा सम्पन्न गर्नुपर्नेछ ।

(२) नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (क) बमोजिम सूचित हुने नियम ९ को उपनियम (१) को खण्ड (क) र (च) बमोजिमका फलफूल बालीको बीउ बिजनका किसिम वा जातको हकमा मात्र प्रमाणीकरण पद्धती लागू हुनेछ ।

(३) प्रमाणीकरण पद्धतीमा फलफूल बालीको बीउ बिजनको स्तर देहाय बमोजिम हुनेछ ।

**(क) माउ बोट :**

(अ) माउ बोट आधिकारिक स्रोतबाट उत्पादन तथा प्रमाणीकरण भएको हुनुपर्नेछ ।

(आ) माउ बोटमा **अनुसूची १** बमोजिमका न्यूनतम मापदण्ड तथा आधारभूत पक्षहरू सुनिश्चित भएको हुनुपर्छ।

(इ) फलफूल बालीको माउ बोट उत्पादन गर्दा **अनुसूची २** मा तोकिएका रोग कीरा देखिएमा सोही अनुसूचीमा उल्लेख भए बमोजिम गर्नुपर्नेछ ।

(ई) माउ बोट उत्पादन तथा सम्बर्द्धन गर्दा **अनुसूची २** मा तोकिएका भन्दा अन्य रोग कीरा देखिएमा उक्त रोग कीराको समयमै उचित व्यवस्थापन गर्नुपर्नेछ र सोको अभिलेख समेत राख्नुपर्नेछ ।

(उ) प्रमाणीकरण भएको माउ बोटमा **अनुसूची ३** बमोजिम लेवलिङ्ग गरिएको हुनुपर्छ।

(ऊ) माउ बोट वा माउ बोटबाट निकालिएको सायनमा **अनुसूची ४** बमोजिमको टयाग उपलब्ध

गराउनुपर्नेछ।

**(ख) उन्नत बोट वा प्रसारण सामाग्री :**

(अ) उन्नत बोट वा प्रसारण सामाग्री प्रमाणीकरण भएको माउ बोटबाट बनस्पतिक प्रसारणबाट उत्पादन भएको हुनुपर्नेछ।

(आ) उन्नत बोट वा प्रसारण सामाग्री प्रमाणीकरण निकायमा कार्यरत वा प्रमाणीकरण निकायले तोकेका ऐनको दफा १६ तथा नियामावलीको नियम २८ को उपनियम (१) बमोजिमका बीउ बिजन निरीक्षकको प्रत्यक्ष निगरानीमा उत्पादन गर्नुपर्दछ।

(इ) उन्नत बोट वा प्रसारण सामाग्री **अनुसूची ५** बमोजिमका आधरभूत पक्ष, न्यूनतम गुणस्तर तथा मापदण्ड सुनिश्चित भएको हुनुपर्छ।

(ई) यस खण्ड बमोजिम उत्पादन गरिने उन्नत बोट वा प्रसारण सामाग्रीमा प्रयोग हुने मूल बृत तथा सायनको न्यूनतम गुणस्तर **अनुसूची १** मा तोकिए बमोजिम हुनुपर्छ ।

(उ) यस खण्ड बमोजिम प्रमाणीकरण भएको उन्नत बोट वा प्रसारण सामाग्रीमा **अनुसूची** ४ मा तोकिए बमोजिम ट्यागिंग गरिएको हुनुपर्छ ।

(ऊ) यस खण्ड बमोजिम प्रमाणीकरण भएको उन्नत बोट वा प्रसारण सामाग्री बिक्री वितरण गर्दा **अनुसूची ३** बमोजिम लेवलिङ्ग गर्नुपर्नेछ ।

**५. यथार्थसंकेतपत्र पद्धती:** (१) यस पद्धतिमा माउ बोट निर्धारण तथा प्रमाणीकरण, मूलवृत वा सायन प्राप्ति, लैङ्गिक वा अलैङ्गिक प्रसारण, उन्नत बोट वा प्रसारण सामाग्री हेरचाह तथा संरक्षण, प्राविधिक परीक्षण, प्याकेजिङ्ग तथा लेवलिङ्ग ऐनको दफा १६ तथा नियामावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकको प्रत्यक्ष निगरानीमा नर्सरीधनीले आफ्नै व्यवस्थापनमा गरी गुणस्तरीयताको यकिन गर्नुपर्नेछ ।

(३) यथार्थसंकेतपत्र पद्धतीमा फलफूल बालीको बीउ बिजनको स्तर देहाय बमोजिम हुनेछ।

**(क) माउ बोट :**

(अ) माउ बोट आधिकारिक स्रोतबाट उत्पादन तथा प्रमाणीकरण भएको हुनुपर्नेछ ।

(आ) माउ बोटमा **अनुसूची १** बमोजिमका न्यूनतम मापदण्ड तथा आधारभूत पक्षहरू सुनिश्चित भएको हुनुपर्छ।

(इ) फलफूल बालीको माउ बोट उत्पादन गर्दा **अनुसूची २** मा तोकिएका रोग कीरा देखिएमा सोही अनुसूचीमा उल्लेख भए बमोजिम गर्नुपर्नेछ ।

(ई) माउ बोट उत्पादन तथा सम्बर्द्धन गर्दा **अनुसूची २** मा तोकिएका भन्दा अन्य रोग कीरा देखिएमा उक्त रोग कीराको समयमै उचित व्यवस्थापन गर्नुपर्नेछ र सोको अभिलेख समेत राख्नुपर्नेछ ।

(उ) प्रमाणीकरण भएको माउ बोटमा **अनुसूची ३** बमोजिम लेवलिङ्ग गरिएको हुनुपर्छ।

(ऊ) माउ बोट वा माउ बोटबाट निकालिएको सायनमा **अनुसूची** ४ बमोजिमको ट्याग उपलब्ध गराउनुपर्नेछ।

**(ख) उन्नत (बोट वा प्रसारण सामाग्री):**

(अ) उन्नत बोट वा प्रसारण सामाग्री प्रमाणीकरण भएको माउ बोटबाट वानस्पतिक प्रसारणबाट उत्पादन भएको हुनुपर्नेछ।

(आ) उन्नत बोट वा प्रसारण सामाग्री प्रमाणीकरण निकायमा कार्यरत वा प्रमाणीकरण निकायले तोकेका ऐनको दफा १६ तथा नियामावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकको प्रत्यक्ष निगरानीमा उत्पादन गर्नुपर्दछ।

(इ) उन्नत बोट वा प्रसारण सामाग्री **अनुसूची ५** बमोजिमका आधरभूत पक्ष, न्यूनतम गुणस्तर तथा मापदण्ड सुनिश्चित भएको हुनुपर्छ।

(ई) यस खण्ड बमोजिम उत्पादन गरिने उन्नत बोट वा प्रसारण सामाग्रीमा प्रयोग हुने मूलवत तथा सायनको न्यूनतम गुणस्तर **अनुसूची १** मा तोकिए बमोजिम हुनुपर्छ ।

(उ) यस खण्ड बमोजिम प्रमाणीकरण भएको उन्नत बोट वा प्रसारण सामाग्रीमा **अनुसूची** ४ मा तोकिए बमोजिम ट्यागिंग गरिएको हुनुपर्छ ।

(ऊ) यस खण्ड बमोजिम प्रमाणीकरण भएको उन्नत बोट वा प्रसारण सामाग्री बिक्री वितरण गर्दा **अनुसूची ३** बमोजिम लेवलिङ्ग गर्नुपर्नेछ ।

## परिच्छेद -३

## <u>नर्सरीको सूचीकरण सम्बन्धी व्यवस्था</u>

**<u>६. नर्सरी सूचीकृत हुनुपर्ने:</u>** (१) यस मापदण्ड बमोजिम फलफूल बालीको प्रमाणीकरणका लागि नर्सरी प्रचलित कानून बमोजिम दर्ता भई कार्यालयमा सूचीकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नर्सरी सूचिकृत हुनका लागि नर्सरी धनीले **अनुसूची ६** अनुसारको निवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पेश गर्दा माउ बोट उत्पादन वा उन्नत बोट बिरूवा उत्पादन के गर्ने हो सोको स्पष्ट रूपमा उल्लेख गरी निवेदन साथ पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले **अनुसूची ७** बमोजिमको चेक लिस्ट तथा आधारहरूमा रहेर स्थलगत अनुगमन गरी उपयुक्त देखिएमा सूचीकृत गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत गर्दा कार्यालयले अनिवार्य रूपमा **अनुसूची ८** बमोजिम नर्सरी सूचिकृत प्रमाणपत्र उपलब्ध गराउनेछ ।

(६) उपदफा (५) बमोजिमको सूचिकृत प्रमाणपत्रमा सूचिकृत नर्सरीको अनिवार्यरूपमा विशिष्ट पहिचान कोड (Unique Identity Code) हुनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम सूचिकृत नर्सरीको विशिष्ट पहिचान कोड (Unique Identity Code) प्रदान गर्दा सम्बन्धीत जिल्लाको **अनुसूची-९** मा उल्लेख भएबमोजिमको संक्षिप्त रूप तथा नर्सरीको सूचिकृत क्रमसंख्या उल्लेख गर्नुपर्नेछ।

(८) उपदफा (४) बमोजिम सूचिकृत हुन अनिवार्य रूपमा ऐनको दफा ११क. को उपदफा ११ क.१ तथा नियामावलीको नियम १६ बमोजिम बीउ बिजन बिक्री वितरण अनुमति पत्र लिनुपर्नेछ ।

(९) उपदफा (५) बमोजिम ऐनको दफा ११क. को उपदफा ११ क.१ तथा नियामावलीको नियम १६ बमोजिम बीउ बिजनको अनुमति पत्र नभएमा अनुमती पत्र प्राप्तिका लागि त्यस्ता नर्सरीको सूची कार्यालयले तयार गरी केन्द्रमा पेश गर्नुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिम सूची प्राप्त भए पछि केन्द्रले अनुमति पत्र प्राप्तिका लागि नियमावलीको नियम १६ को उपनियम (१) बमोजिम तालिम प्रदान गर्नेछ ।

(११) उपदफा (८) बमोजिमको बीउ बिजन बिक्री वितरण अनुमति पत्र भएको यकिन भएपछि सम्बन्धीत कार्यालयले नर्सरी उपदफा (१) बमोजिम सूचीकृत गरी सोको जानकारी विषयगत केन्द्रमा पेश गर्नुपर्नेछ ।

**७. नर्सरीको प्राविधिक परीक्षण गर्नुपर्ने :** (१) दफा ५ बमोजिम सूचिकृत हुने नर्सरीले बढीमा ३ वर्ष भित्रमा नियमावलीको नियम १३ को उपनियम (४) मा तोकिएको व्यक्तिबाट नर्सरीको प्राविधिक परीक्षण गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम हुने प्राविधिक परीक्षणको मार्गनिर्देशक सिद्धान्त तथा आधार,प्रक्रिया **अनुसूची १०** मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम हुने प्राविधिक परीक्षणका क्रममा **अनुसूची ११** बमोजिमको ढाँचामा उपलब्ध गराईएको सुझावको अनिवार्य रूपमा कार्यन्वयन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमका सुझाव कार्यन्वयन नभएको वा कार्यन्वयन गर्न अग्रसरता नदेखाएको पाइएमा कार्यालयले सम्बन्धीत नर्सरीलाई सूचीबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीबाट हटाइएका नर्सरीको विवरण कार्यालयले अनिवार्य रूपमा विषयगत केन्द्रमा पेश गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम सूचीबाट हटेका नर्सरी व्यवसायीले पुन: सूचिकृत हुन चाहेमा सोको मनासिव कारण सहित दफा ५ बमोजिमको प्रक्रिया पूरा गरी पुन: सूचिकृत हुन सक्नेछन ।

(७) फलफूल बाली विशेषको व्यावसायिकता र आवश्यकताको आधारमा विषयगत केन्द्रले प्राविधिक परिक्षण गर्ने समय सीमा तोक्न सक्नेछ ।

## परिच्छेद ४

## प्रमाणीकरण प्रक्रिया

**८. आधिकारिक स्रोत पहिचान तथा प्रमाणीकरण :** (१) यस मापदण्ड लागू हुनु भन्दा अघि स्थापित स्रोत बोटको आधिकारिक स्रोत पहिचान तथा प्रमाणीकरणका लागि विषयगत केन्द्रले राष्ट्रिय स्तरको पत्रिकामा सूचना आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि आधिकारिक निकाय वा इच्छुक सरकारी फार्म केन्द्र तथा दफा ५ बमोजिम सूचिकृत भएका नर्सरीले आफूसँग रहेका आधिकारिक स्रोत पहिचान तथा प्रमाणीकरणका लागि **अनुसूची १२** बमोजिमको निवेदन विषयगत केन्द्रमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दिन सरकारी फार्म केन्द्र वा आधिकारिक निकाय वा सूचिकृत नर्सरीसँग कम्तीमा ५ वटा स्रोत बोट हुनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि विषयगत केन्द्रले बाली अनुसार बिज्ञ टोली पहिचान गरी बिज्ञ टोलीको समन्वय तथा सुझाव अनुसार बाली अनुसार स्रोत बोट पहिचान तथा प्रमाणीकरणका लागि बिज्ञ टोली परिचालन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम परिचालित बिज्ञ टोलीले **अनुसूची १३** बमोजिमका आधारमा निरीक्षण गरी **अनुसूची १४** बमोजिम आधिकारिक स्रोत पहिचान तथा प्रमाणीकरण गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आधिकारिक स्रोत पहिचान तथा प्रमाणीकरण गरेपश्चात उक्त स्रोत बोटको विशिष्ट पहिचान कोड (Unique Identity Code) प्रदान गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम विशिष्ट पहिचान कोड (Unique Identity Code) प्रदान गर्दा आधिकारिक स्रोत पहिचान तथा प्रमाणीकरणका लागि अनुरोध गर्ने निकायको अंग्रेजी नामको संक्षिप्त रूप (Capital Letter) र तथा स्रोत बोट (Source Tree ) को S तथा उक्त स्रोत बोटको क्रम संख्या प्रदान गर्नुपर्नेछ ।

(८) उपदफा (७) बमोजिमको विवरण पहिचान तथा प्रमाणीकरण भएको प्रत्येक स्रोत बोटमा बाली, जात विशिष्ट पहिचान कोड सहितको लेवल गरिएको हुनुपर्छ ।

(९) उपदफा (५) बमोजिम पहिचान तथा प्रमाणीकरण भएको आधिकारिक स्रोतको समेत दफा ८

बमोजिमको प्रक्रिया पूरा गरी वार्षिक रूपमा प्रमाणीकरण गर्नुपर्नेछ ।

**९. माउ बोट प्रमाणीकरण :** (१) आधिकारिक निकाय, सरकारी फार्म केन्द्र तथा दफा ५ बमोजिम सूचिकृत भएका नर्सरीले दफा ७ बमोजिम पहिचान तथा प्रमाणीकरण भएको आधिकारिक स्रोत, आधिकारिक स्रोतबाट बीउ वा सायन प्राप्त गरी तयार गरेको माउ बोट तथा सायन वा मूलवृत उत्पादनका लागि लगाईएको सो माउ बोट प्रमाणीकरण गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण गर्न इच्छुक आधिकारिक निकाय वा सरकारी फार्म केन्द्र वा वा सूचिकृत नर्सरीले प्रमाणीकरण प्रकियामा प्रमाणीकरण निकाय समक्ष तथा यथार्थ संकेतपत्र पद्धतीमा ऐनको दफा १६ को उपदफा १६.१ तथा नियामावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षक समक्ष **अनुसूची १५** बमोजिमको पूर्वजानकारी फारम पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पश्चात प्रमाणीकरण निकाय वा ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बममोजिमका बीउ बिजन निरीक्षकले आवेदक संस्था दफा ५ बमोजिम सूचिकृत भए नभएको, आधिकारिक निकाय भए नभएको, न्यूनतम माउ बोट संख्या तथा अन्य अवस्था विश्लेषण गरी निवेदन स्वीकृत गरी प्रमाणीकरण प्रक्रियामा समावेश गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृत भएको अवस्थामा सम्बन्धीत आवेदकले ऐनको दफा १७ क. १ बमोजिमको राजस्व प्रमाणीकरण गर्ने निकायमा वा ऐनको दफा १७ क. २ बमोजिम समितिले तोकेको शुल्क ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकलाई बुझाउनु पर्नेछ ।

(६) उपदफा (२), (३) र (५) बमोजिमको प्रक्रिया पूरा गरी दफा (४) बमोजीम स्वीकृत भएका आवेदकको माउ बोट प्रमाणीकरणका लागि प्रमाणीकरण निकायले प्रमाणीकरण निकाय वा सरकारी सेवामा कार्यरत रहेका ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ को उपनियम (१) बमोजिमका बीउ बिजन निरीक्षक खटाउनेछ भने यथार्थसंकेतपत्र पद्धतिमा ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकले आवेदकसँग समन्वय गरी निरीक्षण योजना बनाउन सक्नेछन् ।

(७) उपदफा (६) बमोजिम तोकिएका बीउ बिजन निरीक्षकले **अनुसूची १६** बमोजिम निरीक्षण गुर्नुपर्नेछ।

(८) दफा (७) बमोजिमको निरीक्षण पश्चात बीउ बिजन निरीक्षकले **अनुसूची १७** बमोजिम प्रतिवेदन

तयार गरी एक एक प्रति प्रमाणीकरण निकाय, विषयगत केन्द्र र आवेदक नर्सरीलाई उपलब्ध गराउनुपर्नेछ।

(९) यथार्थ सङ्केतपत्र पद्धतिमा ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकले दफा (८) बमोजिमको जारी गरेको निरीक्षण प्रतिवेदनको एक प्रति निरीक्षण समाप्ति भएको १५ दिन भित्र प्रमाणीकरण निकायमा बुझाउनुपर्नेछ ।

(१०) दफा (७) बमोजिम निरीक्षण गर्दा **अनुसूची १** मा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरेको अवस्था भएमा सायन वा मूलवृतका लागि लगाईएको माउ बोटमा माउ बोटको विशिष्ट पहिचान कोड लेवल गर्नुपर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको विशिष्ट पहिचान कोड (Unique Identity Code) प्रदान गर्दा आधिकारिक स्रोत पहिचान तथा प्रमाणीकरणका लागि अनुरोध गर्ने निकायको अंग्रेजी नामको संक्षिप्त रूप (Capital Letter) वा दफा ५ बमोजिम सूचिकृत नर्सरीको विशिष्ट पहिचान कोड तथा उक्त माउ बोटको क्रम संख्या उल्लेख गर्नुपर्नेछ।

(१२) यस दफा बमोजिम प्रमाणीकरण भएको माउ बोटबाट सायन वा मूलवृत प्राप्त गरी बिरूवा प्रसारणका लागि उपलब्ध गराउँदा अनिवार्य रूपमा अनुसूची ३ बमोजिम लेवलिङ्ग गर्नुपर्नेछ।

(१३) यस दफा बमोजिम प्रमाणीकरण गर्दा आधिकारिक स्रोत तथा सायन तथा मूलवृतका लागि लगाईएको माउ बोटको हकमा अनिवार्य रूपमा अनुमानित सायन संख्या वा मूलवृत संख्या, सायन वा मूलवृत लिने समय समेत उल्लेख गर्नुपर्नेछ ।

(१४) यस दफा बमोजिम पहिचान तथा प्रमाणीकरण भएको आधिकारिक स्रोत, तथा सायन वा मूलवृत लागि लगाईएको माउ बोटबाट उपदफा (१३) मा उल्लेख भएको अधिकतम सीमा भित्र रही लिएको सायन वा मूलवृतमा **अनुसूची** ४ बमोजिमको ट्याग लगाई व्यवसायिक रूपमा बिक्री वितरण गर्न सकिनेछ।

(१५) ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकले आवेदक संस्थाले बिक्री वितरण गरेको सायन वा मूलवृत संख्या उपदफा (१३) मा तोकिएको सीमा भित्र भए नभएको समेत सालबसाली रूपमा निरीक्षण गर्नुपर्नेछ र आवेदक संस्थाले सायन वा मूलवृत बिक्रीको निस्सा तथा अभिलेख राख्नुपर्नेछ ।

**१०. उन्नत बोट वा प्रसारण सामाग्री प्रमाणीकरण :** (१) सरकारी फार्मकेन्द्र तथा दफा ५ बमोजिम सूचिकृत

भएका नर्सरीले आफूसँग रहेका उन्नत बोट वा प्रसारण सामाग्री प्रमाणीकरण गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण गर्न इच्छुक निकायले प्रमाणीकरण पद्धतीमा प्रमाणीकरण निकायसमक्ष तथा यथार्थसंकेतपत्र पद्धतीमा ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षक समक्ष **अनुसूची १५** बमोजिमको पूर्वजानकारी फारम पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रमाणीकरण गर्न इच्छुक निकायसँग पहाडी तथा हिमाली क्षेत्रको हकमा न्यूनतम १ रोपनी र तराई तथा भित्री मधेसको हकमा ३ कठ्ठा जमिन हुनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै व्यवस्था उल्लेख भएतापनि माउ बोट, कलमी वा बिजु गरेर न्यूनतम ७००० बेर्ना संख्या भएको सूचिकृत नर्सरीको मात्र प्रमाणीकरण गरिनेछ । तर, सरकारी निकायको हकमा प्रमाणीकरण गर्न वाधा पर्ने छैन ।

(५) उपदफा (२) बमोजिम पूर्वजानकारी फारम प्राप्त भए पश्चात प्रमाणीकरण निकाय वा ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकले आवेदक संस्था दफा ५ बमोजिम सूचिकृत भए नभएको, न्यूनतम जमिन वा बेर्ना संख्या तथा अन्य अवस्था विश्लेषण गरी निवेदन स्वीकृत गरी प्रमाणीकरण प्रक्रियामा समावेश गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृत भएको अवस्थामा सम्बन्धीत आवेदकले ऐनको दफा १७ क. १ बमोजिमको राजस्व प्रमाणीकरण गर्ने निकायमा वा ऐनको दफा १७ क. २ बमोजिम समितिले तोकेको शुल्क ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकलाई बुझाउनु पर्नेछ ।

(७) उपदफा (२), (३) र (६) बमोजिमको प्रक्रिया पूरा गरी दफा (५) बमोजीम स्वीकृत भएका आवेदकको उन्नत बोट वा प्रसारण सामाग्रीको प्रमाणीकरणका लागि प्रमाणीकरण निकायले प्रमाणीकरण निकाय वा सरकारी सेवामा कार्यरत रहेका ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ को उपनियम (१) बमोजिमका बीउ बिजन निरीक्षक खटाउनेछ भने यथार्थसंकेतपत्र पद्धतिमा ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकले आवेदकसँग समन्वय गरी निरीक्षण योजना बनाउन सक्नेछन् ।

(८) उपदफा (७) बमोजिम तोकिएका बीउ बिजन निरीक्षकले **अनुसूची १६** बमोजिम निरीक्षण गुर्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिमको निरीक्षण पश्चात बीउ बिजन निरीक्षकले **अनुसूची १८** बमोजिम प्रतिवेदन तयार गरी एक एक प्रति प्रमाणीकरण निकाय, विषयगत केन्द्र र आवेदक नर्सरीलाई उपलब्ध गराउनुपर्नेछ।

(१०) यथार्थ सङ्केतपत्र पद्धतिमा ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षकले दफा (९) बमोजिमको जारी गरेको निरीक्षण प्रतिवेदनको एक प्रति निरीक्षण समाप्ति भएको १५ दिन भित्र प्रमाणीकरण निकायमा बुझाउनुपर्नेछ ।

(११) दफा (८) बमोजिम निरीक्षण गर्दा **अनुसूची** ६ मा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरेको अवस्था भएमा उन्नत बोट वा प्रसारण सामाग्रीमा **अनुसूची** ४ बमोजिम ट्याग प्रदान गर्नुपर्नेछ ।

(१२) उपदफा (११) बमोजिम ट्यागिङ्ग भएको उन्नत बोट वा प्रसारण सामाग्री व्यवसायिक रूपमा बिक्री वितरण गर्दा **अनुसूची ३** बमोजिम लेवलिङ्ग गर्नुपर्नेछ।

**११. निस्सा राख्नु पर्नेः** (१) आधिकारिक निकायबाट अलैगिंक प्रसारण सामाग्री प्राप्त गरी माउ बोट स्थापना गरी प्रमाणीकरणको लागि दफा ८ को उपदफा (२) बमोजिम निवेदन दिने आवेदक संस्थाले माउ बोट प्रमाणीकरणका लागि आउने निरीक्षकलाई स्रोत बीउको स्तर यकिनगर्न आफूले अधिकारीक निकाय वा स्रोतबाट अलैगिंक प्रसारण सामाग्री खरिद गरेको वील, लगाइएको ट्याग जस्ता आवश्यक निस्सा वा प्रमाण देखाउनुपर्नेछ।

(२) उन्नत बोट वा प्रसारण सामाग्री प्रमाणीकरणको लागि दफा ९ को उपदफा (२) बमोजिम निवेदन दिने आवेदक संस्थाले उन्नत बोट वा प्रसारण सामाग्री प्रमाणीकरणका लागि आउने निरीक्षकलाई स्रोत बीउको स्तर यकिनगर्न आफूले प्रयोग गरेको प्रमाणित माउ बोट उत्पादन गरेको सायन वा मूलवृत खरिद बिल, सायन वा मूलवृतमा लगाइएको ट्याग जस्ता आवश्यक निस्सा वा प्रमाण देखाउनुपर्नेछ।

(३) यदि आफ्नै प्रमाणित माउ बोट उत्पादन गरेको सायन वा मूलवृत प्रयोग गरी उन्नत बोट वा प्रसारण सामाग्री उत्पादन गरेको भए माउ बोट प्रमाणीकरण गर्दा जारी भएको ट्याग प्रमाण देखाउनुपर्नेछ।

**१२. लट नं कायम गर्नु पर्ने :** (१) यस मापदण्डको दफा ४ तथा ५ बमोजिम प्रमाणिकरण भएको माउ बोट, माउ बोटबाट लिएको सायन वा मूलवृत तथा उन्नत बोट वा प्रसारण सामाग्रीको व्यवसायिक रूपमा कारोबार गर्दा लगाइने अनुसूची ४ बमोजिमको ट्यागमा **अनुसूची १९** बमोजिम निर्धारण गरिएको लट नं अनिवार्य रूपमा राख्नुपर्नेछ ।

## परिच्छेद -५
## संस्थागत व्यवस्था

**१३. बीउ बिजन निरीक्षक सम्बन्धी व्यवस्था:** (१) यस मापदण्ड बमोजिम फलफूल बालीको गुणस्तर नियमन तथा प्रमाणीकरणका लागि ऐनको दफा १६.१ बमोजिम योग्यता पुगी नियामावलीको नियम २६ बमोजिम अनुमति पत्र लिएका बीउ बिजन निरीक्षक परिचालन गरिनेछ ।

(२) प्रमाणीकरण पद्धतीमा प्रमाणीकरण निकाय वा प्रमाणीकरण निकायले तोकेका ऐनको दफा १६.१ तथा नियमावलीको नियम २८ को उपनियम (१) बमोजिमका बीउ बिजन निरीक्षक परिचालन गरिनेछ ।

(३) यथार्थसंकेतपत्र पद्धतीमा ऐनको दफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षक परिचालन गरिनेछ ।

(४) यस दफा बमोजिम परिचालन हुने बीउ बिजन निरीक्षकलाई विषयगत केन्द्रले समितिसँगको समन्वय तथा सहकार्यमा फलफूल बालीको गुणस्तर नियमनसँग सम्बन्धीत आधारभूत तालिम प्रदान गर्नुपर्नेछ।

**१४. विषयगत केन्द्रको काम, कर्तव्य र अधिकार:** मापदण्डमा उल्लिखित काम, कर्तव्यर अधिकारका अतिरिक्त विषयगत केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(१) यस मापदण्ड लागू गर्ने सम्बन्धमा समितिले प्रत्यायोजन गरेका प्रमाणीकरण लगायत अन्य कार्य गर्ने,

(२) सूचित वा पञ्जीकृत जातको आधिकारिक निकाय वा स्रोत केन्द्र तोक्ने,

(३) मापदण्डको कार्यन्वयनयोग्यता तथा ब्यापकता अभिवृद्धि गर्न फलफूल बालीको जात सूचित तथा पञ्जीकरण गर्ने, गराउने

(४) फलफूल बालीको स्थानीय जात पञ्जीकरण गर्ने, गराउने,

(५) मापदण्ड कार्यन्वयन गर्न सम्पर्क निकायको रूपमा कार्य गर्ने,

(६) मापदण्डमा सापेक्षिक सुधार, परिमार्जनका लागि समितिलाई सिफारीस गर्ने,

(७) माउ बोट, मूलवृत, सायन वा उन्नत बोट वा प्रसारण सामाग्रीको गुणस्तर मापदण्ड समितिमा सिफारीस गर्ने,

(८) नर्सरी धनी सूचीकृत तथा अन्य कार्यका लागि विद्युतीय प्रणालीको विकास तथा सोको कार्यन्वयन गर्ने,

(९) स्रोत बोट पहिचान तथा प्रमाणीकरण गर्न विज्ञ टोली गठन तथा परिचालन गर्ने,

(१०) अनुसूची २ मा परिभाषित गरिएका रोग कीराहरूको पहिचान तथा परीक्षणका लागि संस्थागत व्यवस्था तथा परीक्षण कार्य सुव्यवस्थित गर्ने,

(११) फलफूल बालीको उन्नत बोट बेर्नाको सहज उपलब्धता तथा उत्पादन सुनिश्चत गर्न वासलात निर्माण गर्ने,

(१२) समिति सँगको सहकार्य तथा समन्वयमा बीउ बिजन निरीक्षकलाई फलफूल बालीको गुणस्तर नियमन सम्बन्धी आधारभूत तालिम सञ्चालन गर्ने,

(१३) फलफूल बालीको माउ बोट तथा उन्नत बोट वा प्रसारण सामाग्रीको गुणस्तर नियमनका लागि निजी क्षेत्र, प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने,

(१४) फलफूल बालीको माउ बोट तथा उन्नत बोट वा प्रसारण सामाग्रीको गुणस्तर नियमन तथा संस्थागत सुदृढीकरणका लागि समितिलाई राय उपलब्ध गराउने,

(१५) बीउ बिजन निरीक्षकको कार्य अनुगमन गरी तत्सम्बन्धमा समितिको सचिवालयलाई जानकारी गराउने,

(१६) फलफूलबाली अनुसार नर्सरी आचारसंहिता तयार गरी लागू गर्ने, गराउने,

(१७) मापदण्ड लागू गर्ने क्रममा देखिएका चुनौतीहरू र नियमन प्रक्रियालाई समय सापेक्ष बनाउन नर्सरी धनीहरूसंग पृष्ठपोषण गर्ने।

**१५. सूचिकृत नर्सरी वा सरकारी फार्म केन्द्रको काम, कर्तव्यर अधिकार: यस मापदण्डको दफा ५ बमोजिम सूचिकृत नर्सरीको काम, कर्तव्यर अधिकार तोकिए बमोजिम हुनेछ ।**

(१) यस मापदण्डमा तोकिए बमोजिमको गुणस्तरको माउ बोट तथा उन्नत बोट वा प्रसारण सामाग्री प्रयोग गर्नुपर्नेछ ।

(२) नेपालमा पञ्जीकृत तथा सूचीकृत जातको मात्र व्यवसायिक रूपमा प्रसारण गर्नुपर्नेछ ।

(३) विषयगत केन्द्रले तोकेको मूलवृत तथा सायन मात्र प्रयोग गरी बिरूवाको प्रसारण गर्नुपर्नेछ ।

(४) बिरूवा प्रसारणमा प्रयोग गरेको मूलवृत वा सायन, प्राप्तिको स्रोतको पूर्ण विवरणको अभिलेख राख्नुपर्नेछ ।

(५) नर्सरी व्यवसायीले **अनुसूची २०** बमोजिम अभिलेख राख्नुपर्नेछ र सो अभिलेखलाई कम्तीमा ५ वर्षसम्म सुरक्षित राख्नुपर्नेछ ।

(६) नर्सरीमा माउ बोट (मूलवृत वा सायन) को यस मापदण्ड अनुरूप लेवल राख्नुपर्नेछ ।

(७) माउ बोट रोग कीरा रहित राख्नुपर्नेछ । मापदण्डमा तोकिए बमोजिमका दैहिक रोग (systemic disease) को परीक्षण प्रत्येक वर्ष गरी सोको प्रतिवेदन सुरक्षित राख्नुपर्नेछ ।

(८) माउ बोट वा प्रसारण सामाग्री प्रमाणीकरण भएको हुनुपर्ने तथा सो कार्यमा बीउ बिजन निरीक्षकलाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

(९) नर्सरी धनीहरूले बिक्री कक्षमा देखिने बिरुवाको बिक्री मूल्य सूची तयार गरी राख्नुपर्नेछ।

(१०) नर्सरी धनीले बाली, जात, परिमाण र मूल्य खुलाएर बील बिजक जारी गर्नुपर्नेछ ।

(११) यस मापदण्डमा तोकिए बमोजिको गुणस्तर तथा मापदण्ड बमोजिमको माउ बोट वा बेर्ना उत्पादन गर्नुपर्नेछ ।

(१२) यस मापदण्डमा निषेधित गरिएको दैहिक रोग (Systemic Disease) देखिएमा बीउ विजन निरीक्षक र स्थानीय तहका प्रतिनिधिहरूको रोहवरमा संक्रमित बिरुवाहरू नष्ट गर्नुपर्नेछ।

(१३) नर्सरी दर्ता प्रमाण-पत्र र बिरुवा उत्पादन तथा बिक्री वितरणको अनुमति-पत्र वा सोको प्रतिलिपि, सूचिकृत नर्सरीको Unique Identity number बिक्री कक्ष (बिक्रि कक्ष नभएमा प्रष्ट देखिने ठाउमा) मा देखिने गरी राख्नुपर्नेछ।

(१४) बीउ/बिरुवाहरू राम्रोसँग प्याकिङ्ग गरेर तथा प्रष्टसँग बालीको किसिम र जात खुलेको संकेत/निस्सा राखेर मात्र बिक्री वितरण गर्नुपर्नेछ।

(१५) नर्सरी धनीले माउ बोट र बिरुवा उत्पादनको क्रममा नयाँ रोग, कीरा वा जैविक वा अजैविक महामारी भएमा गरेमा केन्द्र, कार्यालय वा स्थानीय सरकारलाई तुरुन्त खबर गर्नुपर्नेछ ।

(१६) बीउ विजन निरीक्षक तथा अन्य नियामक निकायले नर्सरी सम्बन्धी कुनै कागजात हेर्न वा सो कार्यको निरीक्षण गर्न चाहेमा सोको व्यवस्था मिलाउनु नर्सरी धनीको कर्तव्य हुनेछ ।

(१७) बीउ बिजन निरीक्षकले दिएको प्राविधिक सल्लाह र निर्देशन बमोजिम नर्सरीमा व्यवस्थापन कार्य नर्सरी धनीले गर्नुपर्नेछ।

(१८) नर्सरी धनीले अनिवार्य रूपमा हरियो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको **अनुसूची २१** मा तोकिए बमोजिम बोर्ड राख्नुपर्नेछ ।

(१९) बिरूवालाई उखेलेर खुल्ला जरा हुने गरी ढुवानी हुन नदिन उपयुक्त प्याकेजिङ्गको व्यवस्था गर्नुपर्नेछ।

(२०) बिरूवा उत्पादनका साथसाथै प्याकिङ्ग, ढुवानी तथा ओसार पसारमा समेत बिरूवाको स्वास्थ्यमा कुनै नकारात्मक असर नपर्ने गरी सावधानी अपनाई गर्नुपर्नेछ साथै अनुसूची २२ बमोजिमको पैठारी जानकारी सहितको पत्र संलग्न गर्नुपर्नेछ ।

(२१) विषयगत केन्द्रले लागू गरेको नर्सरी आचारसंहिताको पालना गर्नुपर्नेछ ।

## परिच्छेद - ६

## विविध

**१६.वासलात तयार गरिने:** (१) विषयगत केन्द्रले उन्नत बोट वा प्रसारण सामाग्री उत्पादनका लागि आवश्यक माउ बोट वा सायन वा मूलवृतको माग तथा आपूर्तिको प्रक्षेपणका लागि नर्सरी उत्पादकलाई जानकारी गराउनेछ।

(२) दफा ५ बमोजिम सूचिकृत नर्सरीलाई आवश्यक पर्ने माउ बोट, सायन वा मूलवृतको माग र आपूर्ति विवरणका आधारमा विषयगत केन्द्रले वासलात तयार गरी उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिमको विषयगत केन्द्रले तोकेको स्रोत केन्द्रबाट दफा ५ बमोजिम सूचिकृत नर्सरीले वासलात अनुसार माउ बोट, सायन वा मूलवृत विषयगत केन्द्रले निर्धारण गरेको समय सीमाभित्र लिनु वा दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम माउ बोट, सायन वा मूलवृतको आपूर्ति नगर्ने वा माग गरे बमोजिम माउ बोट सायन वा मूलवृत नउठाउने व्यक्ति वा संस्थालाई वासलात निर्माण प्रक्रियामा समावेश नगर्ने गरी विषयगत केन्द्रको सिफारीसमा समितिले आवश्यक निर्णय लिन सक्नेछ।

१७.**अन्तर प्रदेश प्रमाणीकरण गर्न सकिने**: (१) प्रमाणीकरण पद्धतिको हकमा प्रमाणीकरण गर्ने निकायले र यथार्थसंकेतपत्र पद्धतिको हकमा ऐनको दफा १६ बमोजिमको बीउ बिजन निरीक्षकले कुनै एक प्रदेशमा दफा ८ बमोजिम प्रमाणीकरण भएको माउ बोटबाट मूलवृत वा सायन प्राप्त गरी अर्को प्रदेशमा दफा ९ बमोजिम उन्नत बोट वा प्रसारण सामाग्री उत्पादन गरेमा यस मापदण्डको प्रक्रिया अपनाई फलफूल बालीको गुणस्तर नियमन तथा प्रमाणीकरण गर्न सक्ने छ ।

१८. **मापदण्डको सीमा :** यस मापदण्डमा नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (क) बमोजिम सूचित हुने रैथाने बाली र नियम १० को उपनियम (१) को खण्ड (क) तथा (ख) बमोजिम दर्ता भई सूचित तथा पञ्जीकृत हुने यौनिक (sexual) प्रसारण विधिबाट पुनर्उत्पादन हुने बीउ बिजनका किसिम वा जातको गुणस्तर नियमन तथा नियन्त्रण व्यवस्थालाई समेटिएको छैन ।

१९. **अनुगमन तथा निरीक्षणः** समिति, उपसिमितिहरू, मन्त्रालय, विभाग, केन्द्र तथा प्रदेश बीउ बिजन समिति, प्रदेश मन्त्रालय, मातहत निकाय तथा स्थानीय तहका निकायहरू समेत यस मापदण्ड लागू गर्न, गराउन तथा यस सम्बन्धी क्रियाकलापहरूको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

२०. **समितिले निर्देशन दिन सक्ने** : (१) प्रमाणीकरण कार्यलाई थप व्यवस्थित बनाउन समितिले निर्देशन दिन सक्नेछ र प्रमाणीकरण निकाय वा तोकेको निकायले त्यस्तो निर्देशनको पालना गर्नुपर्नेछ ।

२१. **मापदण्डमा संशोधन**: (१) समितिले आवश्यकता अनुसार मापदण्डमा संशोधन वा परिमार्जन गर्न सक्नेछ।

२२. **गुनासो व्यवस्थापनः** (१) यस मापदण्डको नियमन प्रक्रियामा कुनै गुनासो भएमा सम्बन्धीत पक्षले समितिमा गुनासो गर्नसक्नेछ ।

# अनुसूची-१

(दफा ४ को उपदफा (३) को खण्ड (क) को उपखण्ड (आ); दफा ४ को उपदफा (३) को खण्ड (ख) को उपखण्ड (ई); दफा ५ को उपदफा (३) को खण्ड (क) को उपखण्ड (आ); दफा ५ को उपदफा (३) को खण्ड (ख) को उपखण्ड (ई) तथा दफा ९ को उपदफा (१०) सँग सम्बन्धीत)

## माउ बोटको न्यूनतम मापदण्ड र आधारभूत पक्षहरू

**१. माउ बोटको आधारभूत पक्षहरूःतथा न्यूनतम मापदण्ड**

(१) माउ बोट सुस्पष्ट रूपमा आधिकारिक स्रोतबाट लिएको हुनुपर्नेछ।

(२) माउ बोट जातीय रूपमा शुद्ध (True to the type) तथा आधिकारिक संस्थाबाट ल्याएको प्रमाण वा सुस्पष्ट रूपमा प्रमाणीकरण भएको हुनुपर्नेछ।

(३) प्रत्येक माउ बोटको रोग कीरा व्यवस्थापन, लिएको सायन वा मूलवृत संख्या, बीउ बिजन निरीक्षकको निरीक्षण मिति लगायतको पूर्ण अभिलेख वार्षिक रूपमा राखिएको हुनुपर्नेछ।

(४) माउ बोटबाट सायन लिनु भन्दा अगाडी कम्तीमा पनि २ वर्ष माउ बोटमा फल लागेको (2 years bearing) हुनुपर्नेछ।

(५) माउ बोटको निरीक्षणमा **अनुसूची २** मा परिभाषित व्यवस्थापन गर्न सकिने रोग र कीराको प्रकोप १०% भन्दा कम भएको हुनुपर्नेछ।

(६) माउ बोटको निरीक्षणको क्रममा **अनुसूची २** मा उल्लेख गरिएका दैहिक रोगहरू मुक्त हुनुपर्नेछ र सोको वार्षिक रुपमा प्रयोगशालामा परीक्षण गरिएको हुनुपर्नेछ ।

(७) सुन्तालाजात फलफूलको हकमा माउ बोटलाई अनिवार्य रुपमा ४० मेशको जालिघर भित्र हुर्काईएको हुनुपर्नेछ ।

(८) माउ बोटलाई ब्लकमा लगाईएको हुनुपर्नेछ र एउटा ब्लकमा कम्तीमा ४ माउ बोट लगाईएको हुनुपर्नेछ तर यो मापदण्ड लागू हुनु भन्दा अघि स्थापना भएका माउ बोटमा यो व्यवस्था लागू हुने छैन।

(९) ग्राफ्टेजमा माउ बोटको गुणस्तर अनुसूची ५ को दफा २ मा परिभाषित उन्नत बोट वा प्रसारण सामाग्रीको गुणस्तर सरह नै हुनेछ ।

## २. माउ बोटबाट लिएको सायनको आधारभूत पक्ष तथा न्यूनतम गुणस्तर

(१) सायन पहिचान तथा प्रमाणित भएको माउ बोटबाट लिएको हुनुपर्नेछ ।

(२) सायनमा स्वस्थ (Healthy), परिपक्व (Matured) तथा जिवित (Viable) कम्तीमा ३ वटा बड (Bud) हुनुपर्नेछ ।

(३) सायनको ओसार पसार तथा भण्डारण गर्दा बड (Bud) को जिवितपना कायम हुने गरी गर्नुपर्नेछ।

(४) बिक्री वितरण गरिने सायनमा अनुसूची २ बमोजिमको लेवल अनिवार्य रूपमा लगाउनु पर्नेछ ।

(५) सायनको बिक्री वितरण गर्दा अनुसूची ४ बमोजिम प्रदान गरिएको टयागको निस्सा, बिक्री बिल उपलब्ध गराउनु पर्नेछ ।

(६) माउ बोटबाट कलमी बिरुवा उत्पादनका लागि प्रयोग गरिने सायन लिदा सायनको न्यूनतम गुणस्तर देहाय बमोजिम हुनुपर्नेछ ।

| **क्र.स.** | **फलफूलको नाम** | **सायन लिने हाँगाको उमेर (महिना)** | **सायनको उपयुक्त मोटाई** | **कैफियत** |
|---|---|---|---|---|
| १ | स्याउ, ओखर, चुच्चे ओखर, कागजी बदाम, किवीफल, खुर्पानी, नासपाती, आरू, आरूबखडा, हलुवाबेद | ८ - १२ | ७-५.५ मि मि | प्रसारण गर्ने समयमा |
| २ | सुन्तला, जुनार, कागती | ६ - ९ | ७-५.५ मि मि | प्रसारण गर्ने समयमा |
| ३ | एभोकाडो, मेकाडेमिया नट | ८ - १२ | ७-५.५ मि मि | प्रसारण गर्ने समयमा |
| ४ | आँप (इपिकोटायल ग्राफ्टिंग बाहेक) | ३ - ८ | ७-५.५ मि मि | प्रसारण गर्ने समयमा |

**नोट: विषयगत केन्द्रले बाली अनुसार सायनको न्यूनतम गुणस्तर तोक्न तथा परिमार्जन गर्न सक्नेछ।**

## २. मूलवृतको आधारभूत पक्ष तथा न्यूनतम गुणस्तर

(१) विषयगत केन्द्रले तोकेको वा यस अनुसूचीमा उल्लिखित बालीहरू मूलवृतमा प्रयोग गर्न सकिनेछ ।

(२) मूलवृत स्वस्थ बोटबाट तयार गर्नुपर्नेछ र जराहरूको सामान्य वृद्धि विकास भएको तथा स्वस्थ हुनुपर्नेछ।

(३) माउ बोटबाट कलमी बिरुवा उत्पादनका लागि प्रयोग गरिने मूलवृत लिदा मूलवृतको न्यूनतम गुणस्तर देहाय बमोजिम हुनुपर्नेछ ।

| क्र.स. | फलफूलको नाम | उपयुक्त मूलवृत (रुटस्टक) को नाम | मूलवृतको उमेर (वर्ष) | मूलवृतको उचाई (फिट) |
|---|---|---|---|---|
| १ | स्याउ | एम ९, एम एम १०६ र १११ | १-२ | १.५-२.५ |
| | | ईडीमयल, क्रेब एप्पल | १-२ | १-२ |
| २ | ओखर | स्थानीय हाडे ओखर, English Walnut | १-२ | १-२ |
| ३ | चुच्चे ओखर | चुच्चे ओखर | १-२ | १-२ |
| ४ | कागजी बदाम | हाडे कागजी बदाम (Hard shell), स्थानीय आरु | १-२ | १-२ |
| ५ | किवीफल | बीजु किवीफल, ब्रुनो, मन्टी | १-२ | १-२ |
| ६ | सुन्तला, जुनार, कागती | तीनपाते सुन्तला, सिट्रेन्ज ( ट्रयोर, क्यारिजो) | १-२ | १-२ |
| ७ | एभोकाडो | मेक्सिकन, टोपा टोपा, रीड, स्थानीय वा बीजु | १-२ | १-२ |
| ८ | मेकाडेमिया नट | बीजु मेकाडेमिया नट | १-२ | १-२ |
| ९ | खुर्पानी | चिली (जंगली खुर्पानी), स्थानीय आरु | १-२ | १-२ |
| १० | नासपाती | मेल/मयल | १-२ | १-२ |
| ११ | आरू | स्थानीय आरू | १-२ | १-२ |
| १२ | आरूबखडा | स्थानीय आरूबखडा | १-२ | १-२ |
| १३ | हलुवाबेद | स्थानीय हलुवाबेद | १-२ | १-२ |
| १५ | आँप | स्थानीय आँप | १-२ | १-२ |
| १६ | अम्बा | स्थानीय तथा चाइनिज अम्बा | १-२ | १-२ |

**नोट: विषयगत केन्द्रले बाली अनुसार मूलवृत तथा सोको न्यूनतम गुणस्तर तोक्न तथा परिमार्जन गर्न सक्नेछ।**

## अनुसूची-२

(दफा ४ को उपदफा(३) को खण्ड (क) को उपखण्ड (इ) र (ई); दफा ५ को उपदफा(३) को खण्ड (क) को उपखण्ड (इ) र (ई) तथा दफा १४ को उपदफा(१०) सँग सम्बन्धीत)

### माउ बोट तथा उन्नत बोट बेर्ना वा प्रसारण सामाग्रीमा रोगकीराको अवलोकन

| क्र.स. | फलफूल वाली | रोग कीरा | नाम | पहिचान विधि | कैफियत | |
|---|---|---|---|---|---|---|
| १ | **स्याउ** | **रोग** | स्याउको क्याङ्कर (Apple canker) *Botryosphaeria* spp./*Diplodia* spp./*Nectria* spp | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | सेतो धुले ढुसी रोग (Powdery Mildew) *Podosphaera leucotricha* | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | **कीरा** | भुवादार लाही (Wolly Aphid ) Eriosoma lanigerum | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | कत्ले कीरा (San Jose Scale) *Comstockaspis perniciosa* | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | जिजेना मथ (Zejena moth) *Zeuzera coffeae* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| २ | **सुन्तालाजात (सुन्तला, जुनार र कागती)** | **रोग** | सीट्रस ग्रिनिंग (Citrus Greening/Huanglongbing) Candidatus *Liberibacter asiaticus* | PCR test | मुक्त हुनुपर्ने । | * |
| | | | ट्रिस्टेजा भाईरस (Citrus Tristeza Virus) | ELISA परीक्षण | मुक्त हुनुपर्ने । | |
| | | | कोत्रे रोग (Citrus Canker) *Xanthomonas citri* subsp. citri | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | जरा तथा फेद कुहिने रोग (Root and Collar Rot) *Phytophthora spp.* | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | धुले ढुशी (Powdery Mildew) *Acrosporium tingitaninum* | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | **कीरा** | सीट्रस सिल्ला (Asian Citrus Psylla) *Diaphorina citri* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | हरियो पतेरो (Green Stink Bug) | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | विभिन्न कत्ले कीराहरु<br>California Red Scale - *Aonidiella aurantii*<br>Circular Black Scale - *Chrysomphalus aonidum*<br>Cottony Cushion Scale - *Icerya purchasi* | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| ३ | **किवीफल** | **रोग** | क्राउन गल (Crown Gall) *Agrobacterium tumefaciens* | Visual inspection | मुक्त हुनुपर्ने | |
| | | | जराको जुका (Root knot Nematode) *Meloidogyne* spp. | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| ४ | **एभोकाडो** | **रोग** | जरा कुहिने (Root rot) *Pythium spp/Phytophthora* spp. | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | फेद कुहिने (Basal rot) *Fusarium spp.* | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | जुका (Nematode) *Helicotylenchus* spp. | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | **कीरा** | डाँठको गवारो (Branch Borer) *Macrocopturus aguacatae* | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| ५ | **ओखर र चुच्चे ओखर** | **रोग** | जरा तथा फेद कुहिने रोग (Root and crown rot) *Phytophthora* spp. | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| ६ | **आँप** | **रोग** | आँपको गुजुमुजे रोग (Mango Malformation) *Fusarium mangiferae* | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | **कीरा** | आँपको मुनामा गाँठा बनाउने कीरा (Mango shoot gall maker) *Aspylla cistellata* | Visual Inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| ७ | **केरा** | **रोग** | पात थोप्ले रोग (Sigatoga disease) *Mycosphaerella musicola/M. fijiensis* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | पानामा ओईलाउने (Fussarium wilt) *Fusarium oxysporum* | परीक्षण | मुक्त हुनुपर्ने । | |
| | | **कीरा** | केराको लाही (Banana Aphid) *Pentalonia nigronervosa* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | **लिची** | **कीरा** | सुलसुले (Cereal Mite) *Tyrophagus putrescentiae* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | पात बटार्ने सुलसुले (Leaf Curl Mite) *Aceria litchii* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| ९ | **मेवा** | **रोग** | मेवाको रिङ्गस्पट भाइरस (Papaya ringspot virus-PRSV) | Visual inspection | मुक्त हुनुपर्ने । | |
| | | **कीरा** | सेतो झिँगा (Whitefly) *Bemisia tabaci* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | मिलिवग (Pink Hibiscus Mealybug) Maconellicoccus hirsutus | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| १० | **अम्बा** | **रोग** | अम्बाको ओइलाउने रोग (Guava wilt) *Fusarium oxysporum* | Visual inspection | मुक्त हुनुपर्ने | |
| | | **कीरा** | मिलिवग (Pink Hibiscus Mealybug) Maconellicoccus hirsutus | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| ११ | **हलुवाबेद** | **रोग** | मिलिवग (Pink Hibiscus Mealybug) *Maconellicoccus hirsutus* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| १२ | **आरू/कागजी बदाम** | **रोग** | आरूको पात बटारीने रोग (Peach Leaf Curl) *Taphrina deformans* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| | | | गुँद निस्किने (Gummosis) *Botryosphaeria dothidea* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| १३ | **आरूबखडा** | **रोग** | आरूको पात बटारीने रोग (Peach Leaf Curl) *Taphrina deformans* | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |
| १४ | **सिउड़ी फल** | **कीरा** | मिलिवग (Striped mealybugs) *Ferrisia virgata* (Cockerell) | Visual inspection | व्यवस्थापन गर्नुपर्ने । | |

## अनुसूची-३

(दफा ४ को उपदफा (३) को खण्ड (क)को उपखण्ड (उ); दफा ४ को उपदफा (३) को खण्ड (ख) को उपखण्ड (ऊ); दफा ५ उपदफा (३) खण्ड (क)को उपखण्ड (उ); दफा ५ उपदफा (३) खण्ड (क) को उपखण्ड (उ); दफा ९ को उपदफा (१२) तथा दफा १० को उपदफा (१२) सँग सम्बन्धीत)

**माउ बोट, माउ बोट सायन वा उन्नत बोट वा प्रसारण सामाग्रीको बिक्रि वितरण गर्दा लगाउने लेवल**

१. लेवल बनाउने सामग्री : कुनै मैन लगाएको सेतो बाक्लो कागज, बाक्लो कागजमा प्लाष्टिकले पानी नपस्ने गरी टम्म पारेर लपेटेको वा कपडा लगाएको कागज वा अलुमुनियम पाताको बलियो टिकाउ सामग्रीले बनेको हुनुपर्छ ।

२. आधिकारिक स्रोतबाट माउ बोट तयार गरी सो बिक्री वितरण गर्दा देहाय बमोजिम लेवल लगाउनुपर्नेछ ।

| | | | |
|---|---|---|---|
| | | **माउ बोट** | |
| ○ | **ट्याग नं** : | **बाली** : | **जात** : |
| | **लट नं** : | **माउ बोट तयार विधि** : | |
| | **प्रयोग भएको मूलवृत** : | | |

नोट : यो लेवल बिक्री वितरण गरिने प्रत्येक माउ बोटमा लगाउनुपर्नेछ साथै प्रमाणित भएको माउ बोटमा समेत लेवल गर्नुपर्नेछ ।

३. माउ बोटबाट सायन तयार गरी सोको बिक्री वितरण गर्दा सायनमा देहाय बमोजिम लेवल लगाउनुपर्छ।

| | | | |
|---|---|---|---|
| | | **माउ बोट (सायन)** | |
| ○ | **ट्याग नं** : | **बाली** : | **जात** : |
| | **लट नं** : | **सायनको उमेर** : | |

**नोट : यो लेवल प्रति बिक्रेतालाई एउटा हुने गरी प्रदान गर्नुपर्नेछ ।**

४. उन्नत बोट वा प्रसारण सामाग्री बिक्री वितरण गर्दा देहाय बमोजिम लेवल लगाउनु पर्छ।

| | | |
|---|---|---|
| **उन्नत बोट वा प्रसारण सामाग्री** | | |
| **ट्याग नं** : | **बाली** : | **जात** : |
| **लट नं** : | **प्रसारण विधि** : | |

**नोट : यो लेवल प्रति बिक्रेतालाई एउटा हुने गरी प्रदान गर्नुपर्नेछ ।**

## अनुसूची-४

(दफा ४ को उपदफा (३) को खण्ड (क) को उपखण्ड (ऊ); दफा ४ को उपदफा (३) को खण्ड (ख) को उपखण्ड (उ); दफा ५ को उपदफा (३) को खण्ड (क) को उपखण्ड (ऊ); दफा ५ को उपदफा (३) को खण्ड (ख) को उपखण्ड (उ); दफा ९ को उपदफा (१४); दफा १० को उपदफा (११); दफा १२ को उपदफा (१); दफा १० को उपदफा (११) तथा दफा १२ को उपदफा (१) सँग सम्बन्धीत)

### माउ बोट तथा उन्नत बोट वा प्रसारण सामाग्रीको ट्यागको ढाँचा

१. **आकार** : ट्यागको लम्बाई १३.५ से.मी. र चौडाईः ८.५ से.मी. हुनेछ ।

२. **ट्याग बनाउने सामग्रीः** कुनै मैन लगाएको सेतो बाक्लो कागज, बाक्लो कागजमा प्लाष्टिकले पानी नपस्ने गरी टम्म पारेर लपेटेको वा कपडा लगाएको कागज वा अलुमुनियम पाताको बलियो टिकाउ सामग्रीले बनेको।

३. आधिकारिकस्रोतबाट माउ बोट तयार गरी बिक्री वितरण गर्दा सोको लटमा दिइने ट्यागको देहाय बमोजिम हुनेछ ।

(१) **रङ र विवरणः** सेतो रङको पृष्ठभूमिमा कालो अक्षरले नमूनामा दिइए अनुसारको विवरण लेखिएको हुनुपर्नेछ ।

(क) प्रमाणीकरण पद्धती

**माउ बोट**

**ट्याग नं :**

बालीः ..... जात : .................... जात सिफारिश गरिएको क्षेत्र : ............................

लट नं : ................................ माउ बोटको प्रसारण बिधिःयौनिक वा वानस्पतिक लटमा भएका बिरूवा संख्या : .....................

**न्यूनतम गुणस्तर**

व्यवस्थापन गर्न सकिने रोग : अधिकतम १०% दैहिक रोगः नतोकिएको/नभएको

माउ बोटको वृद्धि तथा ओजस : अति उत्तम वा राम्रो वा सामान्य ग्रफ्टेज भए प्रयोग भएको मुलवृत्तः ............................

बिरूवाको उमेर न्यूनतम : बिरूवाको उचाई न्यूनतम : सायन भागको मोटाई न्यूनतम :

**माउ बोट उत्पादक** :

नामःः .......................................

ठेगना : .........................................

लोगो वा छाप : ................................

उत्पादकको विशिष्ट पहिचान कोड : .................

**बीउ बिजन निरीक्षक** :

नाम : ..............................................

अनुमति पत्र नं : ............................

हस्ताक्षर : ............................

नेपाल सरकार

कृषि, बन तथा पर्यावरण मन्त्रालय

..............................................................

...............................................

(ख) यथार्थसंकेतपत्र पद्धती

**माउ बोट**

**ट्याग नं :**

बाली: ..... जात : .................. जात सिफारिश गरिएको क्षेत्र : ............................

लट नं : ................................ माउ बोटको प्रसारण बिधि:यौनिक वा वानस्पतिक लटमा भएका बिरूवा संख्या : ....................

**न्यूनतम गुणस्तर**

व्यवस्थापन गर्न सकिने रोग : अधिकतम १०% दैहिक रोग: नतोकिएको/नभएको

माउ बोटको वृद्धि तथा ओजस : अति उत्तम वा राम्रो वा सामान्य ग्रफ्टेज भए प्रयोग भएको मुलवृत्तः ..........................

बिरूवाको उमेर न्यूनतम : बिरूवाको उचाई न्यूनतम : सायन भागको मोटाई न्यूनतम :

**बीउ बिजन निरीक्षक**

नाम : ..............................................

अनुमति पत्र नं : ...........................

हस्ताक्षर : ...........................

**माउ बोट उत्पादक**

नाम:: ......................................

ठेगना : ........................................

लोगो वा छाप : ...............................

उत्पादकको विशिष्ट पहिचान कोड : .................

४. माउ बोटबाट सायन लिई सायन बिक्री वितरण गर्दा सायनको लटमा दिइने ट्यागको देहाय बमोजिम हुनेछ।

(१) **रङ र विवरणः** सेतो रङको पृष्ठभूमिमा कालो अक्षरले नमूनामा दिइए अनुसारको विवरण लेखिएको हुनुपर्नेछ ।

(क) प्रमाणीकरण पद्धती

**माउ वोट (सायन)**

बाली : .................. जात : .................. जात सिफारिश गरिएको क्षेत्र : ............................

माउ बोटको विशिष्ट पहिचान कोड नं : .................. माउ बोटबाट लिन सक्ने अधिकतम सायन स्टिक : .............

लट नं : ................................ प्रमाणित गरेको सायन स्टिक संख्या : ....................

**न्यूनतम गुणस्तर**

व्यवस्थापन गर्न सकिने रोग : अधिकतम १०% दैहिक रोग: नतोकिएको/नभएको

माउ बोटको वृद्धि तथा ओजस : अति उत्तम वा राम्रो वा सामान्य माउ बोटको उमेर :

सायनको उमेर : सायनको मोटाई :

**माउ बोट उत्पादक :**

नाम:: .......................................

ठेगना : ........................................

लोगो वा छाप : ...............................

**बीउ बिजन निरीक्षक**

नाम : ..............................................

अनुमति पत्र नं : ...........................

हस्ताक्षर : ...........................

**माउ बोट प्रमाणीकरण गर्ने :**

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

...............................................................

..............................................

(ख) यथार्थसंकेत पत्र पद्धती

**माउ बोट (सायन)**

बाली : ..................
जात : ..................
जात सिफारिश गरिएको क्षेत्र : ..........................
माउ बोटको विशिष्ट पहिचान कोड नं : ..................
माउ बोटबाट लिन सक्ने अधिकतम सायन स्टिक : .............
लट नं : ..............................
प्रमाणित गरेको सायन स्टिक संख्या : ...................

**न्यूनतम गुणस्तर**

व्यवस्थापन गर्न सकिने रोग : अधिकतम १०%
दैहिक रोग: नतोकिएको/नभएको
